# नेपाल गजेट

## भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १२ ] काठमाडौं, मार्ग १४ गते २०१६ साल [ अतिरिक्ताङ्क २४


### श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराजबाट बनाइबक्सेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०१६ सालको ऐन नं. २८

स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत ओजस्विराजन्य प्रोज्ज्वल नेपालतारा अतिओजस्वी त्रिभुवन प्रजातन्त्र श्रीपद ॐ रामपट्ट अतुल ज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखादक्षिणबाहु महाधिपति फील्ड मार्शल र सर्वोच्च कम्याण्डर इन–चीफ श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज महेन्द्र वीर विक्रम जंगबहादुर शाहबहादुर शमशेर जंग देवानाम् सदा समरविजयिनाम् ।

## जिल्ला पञ्चायतहरूको गठन र व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावना:–** गाउं र नगर पञ्चायतका कार्यक्रमहरूको निर्देशन तथा समन्वय गर्न जिल्ला पञ्चायतको स्थापना गरी देशको आर्थिक, सामाजिक र सांस्कृतिक विकास गर्न जनतालाई अधिक मात्रामा सरीक गराई देश र समाज सुहाउंदो पञ्चायत प्रणालीको जग मजबूत बनाउने व्यवस्था गर्नु वाञ्छनीय भएकोले,




आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधानको धारा ५५ अनुसार यो ऐन बनाई जारी गरिबक्सेको छ ।

## परिच्छेद --१

### प्रारम्भिक कथन

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः– (१) यस ऐनको नाम "जिल्ला पञ्चायत ऐन, २०१९" रहेको छ ।

(२) यो ऐन नेपाल अधिराज्यभर लागू हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः– विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा–

(क) "जिल्ला" भन्नाले श्री ५ को सरकारबाट घोषित विकास जिल्ला सम्झनु पर्छ,

(ख) "जिल्लासभा" भन्नाले यो ऐनको दफा ३ बमोजिम स्थापित जिल्ला-सभा सम्झनु पर्छ,

(ग) "जिल्ला पञ्चायत" भन्नाले दफा १४ बमोजिम स्थापना र गठन भएको जिल्ला पञ्चायत सम्झनु पर्छ,

(घ) "सचिव" भन्नाले जिल्लासभा र जिल्ला पञ्चायतको सचिवलाई सम्झनु पर्छ,

(ङ) "तोकिएको" वा "तोकिए बमोजिमको" भन्नाले यस ऐन अन्तर्गत बनेको नियम वा आदेशमा तोकिएको वा तोकिए बमोजिमको सम्झनु पर्छ ।

## परिच्छेद–२

### जिल्लासभाको स्थापना र गठन

३. जिल्लासभाको स्थापना र गठनः– (१) यो ऐन प्रकाश भएको मितिदेखि नै श्री ५ को सरकारले घोषित गरेको विकास जिल्लालाई नै जिल्लासभाको क्षेत्र घोषित मानिनेछ ।

तर जिल्लासभाले वा त्यसभित्रका अधिकांश वासिन्दाहरूले मनासिब कारण देखाई सुझाव दिएमा वा अरू कुनै कारणले मनासिब देखिन आएमा वा श्री ५ को सरकारले मनासिब ठहराएमा जिल्लासभाको इलाकामा थपघट गर्न सक्नेछ र त्यस्तो थपघटको सूचना नेपाल गजेटमा प्रकाशित गरिनेछ ।

(२) जिल्लासभामा देहाय बमोजिमका सदस्यहरू रहनेछन्:–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) प्रत्येक गाउं पञ्चायतले आफ्नो सदस्यहरूमध्येबाट तोकिए बमोजिम छानेको एकजना व्यक्ति... ...सदस्य,

(ख) प्रत्येक नगर पञ्चायतले आफ्नो निर्वाचित सदस्यहरूमध्येबाट तोकिए बमोजिम छानेको $\frac{1}{3}$ सदस्यहरू ... सदस्य,

स्पष्टीकरणः– नगर पञ्चायतको सदस्य संख्याको एक तिहाइ कायम गर्ने हकमा ३ ले कूल सदस्य संख्यालाई भाग गर्दा शेष १ रहन आएमा त्यसको केही गन्ती नगर्ने तर शेष २ रहन आएमा एक पूर्णांक मानी एक सदस्य थप गरिनेछ ।

तर खण्ड (क) र (ख) बमोजिम चुनिएका सदस्यहरू जिल्ला पञ्चायतको सभापति वा उप–सभापति वा सदस्य छानिएमा संबन्धित गाउं पञ्चायत वा नगर पञ्चायतबाट निजहरूको स्थान रिक्त भएको मानिनेछ । त्यसरी रिक्त हुनआएको स्थानको पूर्ति चुनावद्वारा हुनेछ ।

(ग) खण्ड (क) र (ख) मा जेसुकै लेखिएको भए तापनि जिल्ला पञ्चायतको सदस्य छानिएपछि आफ्नो सम्बन्धित गाउं पञ्चायत वा नगर पञ्चायतको सदस्यता नरहने भए तापनि जिल्ला पञ्चायतको सदस्यताको हैसियतले जिल्लासभाको पदेन सदस्य रहनेछ ।

(घ) नेपाल कानूनद्वारा व्यवस्था गरिएको अन्य सदस्य... सदस्य ।

४. जिल्लासभा संस्था मानिनेः– (१) दफा ३ बमोजिम संस्थापना भएको जिल्लासभा अविच्छिन्न उत्तराधिकारवाला एक संगठित र स्वशासित संस्था हुनेछ र त्यस संस्थाको सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(२) सो संस्थाले व्यक्ति सरह चल, अचल सम्पत्ति किन्न, बेच्न, दान, दातव्य लिन, आफ्नो जाय, ज्यथाको उचित प्रबन्ध गर्न र अरू कुनै किसिमको ठेक्कासमेत लिन, दिन सक्नेछ ।

(३) सो संस्थाले व्यक्ति सरह नालिश, उजूर गर्न र निज उपर पनि व्यक्ति सरह नै नालिश, उजूर लाग्न सक्तछ ।

५. एकसाथ एकभन्दा बढी जिल्लासभाको सदस्य रहन नपाउनेः– कुनै व्यक्ति एक समयमा एकभन्दा बढी जिल्लासभाको सदस्य हुन सक्तैन ।

६. जिल्लासभाको बैठकको सभापतित्व गर्नेः– सभापतिको अनुपस्थितिमा उप–सभापतिले र निज पनि अनुपस्थित रहेको समयमा उपस्थित सदस्यहरूले आफूमध्येबाट छानेको सदस्यले सो जिल्लासभाको सभापतित्व गर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित प्रतिलिपि मात्र लागु हुनेछ।

७. जिल्लासभाका सदस्यको कार्यकालः– यस ऐनको अधीनमा रही जिल्लासभाका निर्वाचित सदस्यहरू आफ्–आफ्नो गाउं पञ्चायत वा नगर पञ्चायतको सदस्य रहेसम्म जिल्लासभाको सदस्य रहनेछन् ।

८. खालि पदको पूर्तिः– परलोक भै वा सदस्यताबाट राजीनामा गरी वा अरू कुनै कारणले निर्वाचित सदस्यको पद खालि हुनआएमा सो रिक्तस्थानको बांकी कार्यकालको लागि चुनावद्वारा पूर्ति गरिनेछ ।

तर सो सदस्यको कार्यकाल साबिकवालाको बांकी अवधिसम्म मात्र रहनेछ ।

९. जिल्लासभाको सदस्यको निमित्त अयोग्यताः– देहायमा लेखिए बमोजिमको कुनै व्यक्ति जिल्लासभाको सदस्यमा छानिन वा त्यस्ता पदमा बहाल रहन अयोग्य हुनेछः–

(क) मगज बिग्रेको वा लाटो, वाक्य बन्द भएको,

(ख) नैतिकपतनदेखिने कुनै अभियोगमा दोषी प्रमाणित भई सो बापत ६ महीनाभन्दा बढी कैदको सजाय भएको र त्यस्तो कैदको सजाय भोगिसकेका मितिले ५ वर्ष भुक्तान नभएको,

(ग) टाट उल्टी साहूको दामासाहीमा परेको,

(घ) बहालवाला सरकारी कर्मचारी,

(ङ) जिल्लासभाको वैतनिक कर्मचारी ।

१०. जिल्लासभाको सदस्य कायम नरहने अवस्थाः– देहायका कुनै व्यक्ति आफ्नो पदमा बहाल रहने छैनः–

(क) आफू सदस्य रहेको जिल्ला पञ्चायतसंगको ठेक्कामा प्रत्यक्ष वा अप्रत्यक्ष रूपबाट हिस्सा लिएमा वा कटकेन्दार भएमा,

(ख) आफू सदस्य रहेको जिल्ला पञ्चायतको विरुद्ध उसको कुनै मुद्दा मामिलामा विपक्षीसंग मिली मुद्दा चलाउन मद्दत दिएमा वा पैरवी गरेमा,

(ग) आफू वसोवास गरिआएको ठाउं जिल्लासभाको इलाकाबाट झिकिएमा,

(घ) जिल्लासभाको इलाकाभित्र साधारणतया नबस्ने भएमा वा अरू कुनै जिल्लासभाको सदस्य भएमा त्यस्तो सभामा मत दिने अधिकार प्रयोग गरेमा,

(ङ) मनासिब माफिकको कारणसहितको सूचना नपठाई जिल्लासभाको बैठकमा लगातार ३ पटकसंम गैर हाजिर भएमा ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 384

## परिच्छेद–३

### जिल्लासभाको बैठक र काम

११. जिल्लासभाको बैठकः– (१) जिल्लासभाले हरेक साल कम्तीमा हिउंदे बालीपछि एक पटक र वर्षे बालीपछि एक पटक साधारण सभा गर्नुपर्नेछ, तर दुबै सभाको बीचमा ६ महीनाभन्दा बढी समयको फरक हुनु हुंदैन ।

(२) जिल्लासभाको बैठक जिल्ला पञ्चायतको निर्णय अनुसार सभापतिले बोलाउनेछ, तर जिल्लासभाको सदस्यहरूमध्ये सयकडा २० सम्मले मनासिब माफिकक कारण देखाई फलाना विषयमा बैठक गर्न पाऊं भनी सभापति समक्ष दरखास्त दिएमा पनि सभापतिले सो दरखास्त परेका मितिले ३० दिनभित्र जिल्लासभाको बैठक बोलाउनेछ ।

(३) बैठकको सूचना बैठक बस्ने दिनभन्दा कमसेकम १५ दिन अगाडि नै जिल्लासभाका सदस्यहरूलाई दिसक्नुपर्नेछ ।

(४) जिल्लासभाको बैठकको निमित्त जिल्लासभाको जम्मा सदस्यताको कमसेकम सयकडा ५० जम्मा नभई बैठक हुन सक्ने छैन । बैठकमा माथि लेखिए बमोजिमको संख्यामा सदस्य जम्मा हुन नसकेमा आवश्यकतानुसार अर्को कुनै दिन मुकरर गरी सयकडा ३५ सम्म सदस्यहरू जम्मा भए पनि बैठक गर्न हुन्छ ।

१२. म्यादभित्र बैठक नबोलाएमा सचिवले बैठक बोलाउनेः– दफा ११ को उपदफा (२) र (३) मा लेखिए बमोजिमको म्यादभित्र सभापतिले बैठक नबोलाएमा सचिवले म्याद नाघेको २ महीनाभित्र जिल्लासभाको बैठक बोलाउनेछ ।

१३. बैठकमा गर्नुपर्ने कारवाइः– साधारणतः जिल्लासभाको बैठकमा देहाय बमोजिम कारवाइ गर्नुपर्छः–

(क) वर्षे बालीपछिको साधारण बैठकमा जिल्ला पञ्चायतले तयार गरेको अघिल्लो सालभरको र चालू सालको सो मितिसम्ममा भएको आम्दानी, खर्चको हिसाब हेरी निर्णय गर्ने र जिल्ला पञ्चायतले पेश गरेको आगामी सालको अन्जामी बजेट छलफल गरी ठेगान गर्ने र जिल्ला पञ्चायतले पेश गरेको कार्यक्रममाथि छलफल गरी निर्णय गर्ने, गत वर्षको प्रगति रिपोर्टबारे छलफल गरी आवश्यकतानुसार निर्णय गर्ने,

(ख) हिउंदे बालीपछिको साधारण बैठकमा जिल्ला पञ्चायतले आफ्नै इलाकामा गरेको बन्दोवस्ती कामबारे र ग्रामीण जनताको भलाइका लागि आवश्यकता परेमा पूरक बजेटबारेसमेत निर्णय गर्ने र जिल्ला पञ्चायतले पेश गरेको प्रगति रिपोर्टबारे छलफल गरी आवश्यकतानुसार निर्णय गर्ने,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) जिल्लाभरीमा भए, गरेको विकास सम्बन्धी योजनाको कार्यक्रम जस्तै सफाइ, सडक निर्माण र मरम्मत, कुलो, पोखरी, ढल, नाला, बनाउने र सफाइ गर्ने काम आदिको मूल्यांकन र विश्लेषण गर्ने र आगामी योजनालाई स्वीकृति गर्ने।

## परिच्छेद-४

### जिल्ला पञ्चायतको स्थापना र गठन

१४. जिल्ला पञ्चायतको स्थापना र गठनः– (१) जिल्लासभाको स्थापना भएपछि सकभर चांडो त्यस जिल्लासभाका सदस्यहरूले आफूमध्येबाट तोकिए बमोजिम गुप्त मतदानद्वारा एउटा सभापति, उप–सभापति र अरू ९ सदस्यहरू समेत गरी जम्मा ११ जनाको कार्यकारिणी समितिको चुनाउ गर्नेछन् र सो कार्यकारिणी समितिलाई जिल्ला पञ्चायत मानिनेछ।

(२) उपदफा (१) बमोजिम सर्वप्रथम सभापति र उप–सभापतिको चुनाउ हुनेछ, त्यसपछि अरू ९ सदस्यहरूको चुनाव हुनेछ।

(३) उपदफा (२) बमोजिम सभापति, उप–सभापति र सदस्यहरू छान्नको–निमित्त सचिवले बैठक बोलाउनेछ। मत बराबर भएमा निजले गोला हाली निर्णय गर्नेछ।

(४) सचिव श्री ५ को सरकारबाट नियुक्त गरिनेछ। निजले जिल्लासभा र जिल्ला पञ्चायतको बैठकमा सचिव भै काम गर्नेछ।

(५) जिल्ला पञ्चायतको सभापति र उप–सभापति जिल्लासभाको पदेन सभापति र उप–सभापति हुनेछ।

१५. पदावधिः– (१) जिल्ला पञ्चायतका सभापति र उप–सभापतिको पदावधि २ वर्षको हुनेछ र सो पदावधि समाप्त भै निज वा निजहरूको स्थान रिक्त हुन आएमा सभापति वा उप–सभापति जसको स्थान रिक्त भएको छ सो रिक्तस्थानको पूर्ति दफा १४ बमोजिम गरिनेछ।

(२) जिल्ला पञ्चायतको सभापति र उप–सभापतिको पदावधि निजले शपथ-ग्रहण गरेको मितिले दुई वर्षको हुनेछ।

(३) जिल्ला पञ्चायतका सभापति र उप–सभापति बाहेक बांकी ९ जना सदस्यहरूको पदावधि निजले शपथ ग्रहण गरेको मितिले ६ वर्षको हुनेछ।

तर प्रथम पटक निर्वाचित ९ सदस्यहरूमध्ये ३ जना सदस्यको पदावधि २ वर्षको, अर्को तीनजनाको पदावधि ४ वर्ष र बांकी ३ जनाको पदावधि ६ वर्षको हुनेछ, र यस

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसार कुन चाहिं सदस्यको पदावधि कति वर्षको हुनेछ भन्ने निर्णय सभापतिले जिल्ला पञ्चायतको बैठकमा गोला हाली गर्नेछ । तत्पश्चात् जिल्ला पञ्चायतको कुनै सदस्यको पदावधि समाप्त भए वा अरू कुनै कारणले निजको स्थान रिक्त हुन आएमा जिल्लासभाले निर्वाचनद्वारा सो रिक्तस्थानको पूर्ति गर्नेछ ।

(४) पदावधि समाप्त भै स्थान रिक्त भएकोमा बाहेक अरू कुनै कारणले बीचमा कुनै सदस्यको रिक्तस्थान भएकोमा सो सदस्यको बांकी पदावधिसम्मको लागि मात्र नयां सदस्यको निर्वाचन गरिनेछ ।

१६. जिल्ला पञ्चायतको सदस्यता कायम नरहने अवस्थाः– (१) देहायमा लेखिएको अवस्थामा जिल्ला पञ्चायतका सभापति, उप–सभापति वा अरू कुनै सदस्य आफ्नो पदमा बहाल रहने छैनन्ः–

(क) दफा ९ बमोजिम अयोग्य भएमा,

(ख) दफा १० मा लेखिए बमोजिमको अवस्थामा,

(ग) जिल्ला पञ्चायतलाई मनासिब कारणको सूचना नदिई लगातार तीन पटकसम्म जिल्ला पञ्चायतको बैठकमा अनुपस्थित भएमा,

(घ) दफा २२ बमोजिम कुनै सदस्यहरूलाई हटाउने प्रस्ताव पास भएमा ।

(२) यस ऐन बमोजिम जिल्ला पञ्चायतको सदस्य हुन अयोग्य व्यक्ति कुनै कारणले सदस्य भई काम काज गरिआएको रहेछ भने सो कारणले मात्र भैसकेको काम काज बदर हुन सक्तैन ।

## परिच्छेद –५

### जिल्ला पञ्चायतको बैठक र कार्यप्रणाली

१७. शपथ ग्रहणः– आफ्नो पदमा बहाल गर्नुभन्दा अघि जिल्ला पञ्चायतको सभापतिले जिल्ला न्यायाधीश रहेको ठाउंमा जिल्ला न्यायाधीश समक्ष, जिल्ला न्यायाधीश नभएको ठाउंमा बडाहाकिमको समक्ष तथा उप–सभापति र अन्य सदस्यहरूले सभापति समक्ष तल लेखिए बमोजिमको शपथ ग्रहण गर्नुपर्छः–

ईश्वरको नाममा शपथ लिन्छु

म ———————— कि श्री ५ महाराजाधिराज र मौसूफका उत्तराधिकारीहरू-
सत्य निष्ठासहित प्रतिज्ञा गर्दछु

प्रति पूर्णतया वफादार रही आफ्नो सम्पूर्ण योग्यता, ज्ञान र विवेकद्वारा आफ्नो कर्तव्यलाई भय, पक्षपात, लोभ, माया वा द्वेषभाव नगरी पालन गर्नेछु ।

१८. जिल्ला पञ्चायतको बैठकको सभापतित्व गर्नेः– सभापतिको अनुपस्थितिमा उप–सभापतिले र निज पनि अनुपस्थित रहेको समयमा उपस्थित सदस्यहरूले आफूमध्येबाट छानेको सदस्यले सो जिल्ला पञ्चायतको बैठकको अध्यक्षता गर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१९. जिल्ला पञ्चायतको बैठकः– (१) जिल्ला पञ्चायतले अन्यथा निर्णय गरेमा बाहेक सभापतिले महीनामा एकपटकमा नघटाई बैठक बोलाउनेछ ।

(२) जिल्ला पञ्चायतको आधाभन्दा बढ्ता सदस्यले बैठक बोलाइपाऊं भनी सभापति छेउ लिखित माग गरेमा सातदिनभित्र सभापतिले बैठक बोलाउनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम सभापतिले बैठक नबोलाएमा उप–सभापतिले अर्को सातदिनभित्र जिल्ला पञ्चायतको बैठक बोलाउनुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम उप–सभापतिले पनि बैठक नबोलाएमा सचिवले म्याद नाघेको एक महीनाभित्र जिल्ला पञ्चायतको बैठक बोलाउनेछ ।

२०. गणपूरक संख्याः– (१) जिल्ला पञ्चायतको आधाभन्दा बढी सदस्य उपस्थित नभै जिल्ला पञ्चायतको कुनै बैठक हुन सक्नेछैन ।

(२) जिल्ला पञ्चायतको बजेट (अनुमानित आम्दानी खर्चको वार्षिक विवरण) जिल्लासभाको जम्मा सदस्य संख्याको कम्तीमा पचास प्रतिशत सदस्य उपस्थित भएको बैठकको स्वीकृति लिनुपर्नेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि लगातार तीन पटकसम्म बैठक बोलाउंदा पनि सो बमोजिमको गणपूरक संख्या पूरा हुन नसकेमा चौथोपटक जतिसुकै सदस्य उपस्थित भए पनि बैठक गर्न सकिनेछ ।

२१. राजीनामाः– जिल्ला पञ्चायतको सभापतिले अञ्चलाधीश छेउ र उप–सभापति, जिल्लासभाका सदस्यहरू र जिल्ला पञ्चायतका अरू सदस्यले सभापति छेउ आफ्नो हस्ताक्षरले राजीनामा लेखी पद त्याग गर्न पाउंछ र त्यस्तो राजीनामा स्वीकृत भएपछि निजको स्थान रिक्त भएको मानिनेछ ।

२२. अविश्वासको प्रस्तावः– (१) जिल्ला पञ्चायतका सभापति, उप–सभापति वा सदस्यहरूलाई जिल्लासभाले आफ्नो सम्पूर्ण सदस्य संख्याको $\frac{2}{3}$ दुई तिहाइ बहुमतले अविश्वासको प्रस्ताव पास गरेर आफ्नो पदबाट हटाउन सक्नेछन् र त्यस्तो प्रस्ताव उपर विचार गर्दा जिल्लासभाले सो हटाउन खोजिएको सदस्यलाई आफ्नो बचाउ गर्न र सफाइको प्रमाणहरू पेश गर्ने मौका दिनुपर्छ ।

(२) सभापतिलाई हटाउने प्रस्ताव पेश हुने बैठकको सभापतित्व उप–सभापतिले र निजको अनुपस्थितिमा जिल्लासभाले छानेको कुनै अन्य सदस्यले गर्नेछन् ।

(३) जिल्ला पञ्चायतका सभापति, उप–सभापति वा कुनै सदस्य उपर अविश्वासको प्रस्ताव ३ खण्डको २ खण्ड बहुमतले पास हुन नसकेमा निज उपर पुनः अविश्वासको प्रस्ताव पहिले निर्णय भएको ६ महीना ननाघी राख्न पाइने छैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३२८

(४) माथिको उप-दफाहरूमा जेसुकै लेखिएको भए तापनि सर्वप्रथम सभापति, उप-सभापति चुनाव भै शपथग्रहण गरेको ६ महीना ननाघी कुनै सदस्यले कुनै अविश्वासको प्रस्ताव राख्न पाउने छैन ।

## परिच्छेद-६

### जिल्ला पञ्चायतको कर्तव्य र अधिकार

२३. जिल्ला पञ्चायतको कर्तव्य र अधिकारः– आफ्नो इलाकाभित्र देहायमा लेखिएको कामहरू गर्ने जिल्ला पञ्चायतको कर्तव्य र अधिकार हुनेछः–

(१) कृषिको सुधार तथा पशुपालन विकासको कार्य गर्ने,

(२) घरेलु उद्योगको विकास र प्रचार गर्ने,

(३) स्वास्थ्य र सफाइ, पानी निकासी, स्वच्छ पानी पिउने योजना, समाजकल्याणकार्य जस्तै दैवी प्रकोपबाट आएको दुर्घटनामा सहायता गर्ने,

(४) श्री ५ को सरकारको नीति र नियम बमोजिम रही प्राथमिक र माध्यमिक शिक्षाको व्यवस्था गर्ने, तथा सांस्कृतिक विकासको कार्य गर्ने,

(५) अञ्चल पञ्चायतले उठाएको विकासको काममा सहयोग गर्ने,

(६) जिल्लास्तरीय सिंचाइ योजनाको कामहरू गर्ने र बन्जर जग्गालाई आबादी गर्ने, खोला, नालाबाट जमीनको बचाउ गर्ने,

(७) सहकारिताको विकास गर्ने,

(८) चिकित्साको प्रबन्ध गर्ने, महामारीको रोकथामको लागि औषधि उपचारको सहायता दिने, सरुवा रोगको बचाउको र नसा लाग्ने चीजको रोकथाम गर्ने,

(९) आफ्नो अधिकारमा रहेका सडक, पुल, नल, ढल, इनार, पोखरी बनाउने र मरम्मत गर्ने,

(१०) श्री ५ को सरकारको जिल्लास्तरको सबै विकास योजनाहरू कार्यान्वित गर्ने,

(११) सचिवलाई निजामती सेवा नियमावली अनुसार सजाय गर्न जिल्ला पञ्चायतले श्री ५ को सरकारलाई सिफारिश गर्न सक्ने,

(१२) आफ्नो क्षेत्रभित्रको नगर पञ्चायत, गाउं पञ्चायतको आम्दानी, खर्चको निरीक्षण गर्ने र आवश्यकतानुसार निर्देशन दिने,

(१३) श्री ५ को सरकार वा अञ्चल पञ्चायतबाट दिएको अनुदान बिभिन्न गाउं पञ्चायत र नगर पञ्चायतहरूलाई तोकिए बमोजिम वितरण गर्ने,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१४) यस ऐन वा अरू कुनै ऐनद्वारा दिइएको अरू अधिकारहरूको प्रयोग गर्ने र काम गर्ने व्यवस्था गर्ने,

(१५) गाउं पञ्चायत र नगर पञ्चायतको योजनाहरू समन्वय गरी जिल्लाको योजना तयार गर्ने,

(१६) दुई वा दुईभन्दा बढी गाउं पञ्चायत वा नगर पञ्चायतको सम्मिलित योजनालाई कार्यान्वित गर्ने गराउने,

(१७) गाउं पञ्चायत र नगर पञ्चायतको कामको रेखदेख, निरीक्षण गर्ने र आवश्यक देखिएमा निर्देशन पनि दिने,

(१८) श्री ५ को सरकारले कुनै विषयमा मागेको राय सल्लाह दिने,

(१९) आफ्नो जिल्लाको जन्म मरणको लगत तयार गर्ने गराउने र प्रकाशित गर्ने,

(२०) स्थानीय संस्थाहरूबाट प्राप्त भएको विभिन्न विषयको तथ्यांक प्रकाशित गर्ने,

(२१) स्थानीय संस्थाहरूलाई सुम्पिदिएको कार्यको विवरण माग्ने,

(२२) अन्य किसिमको (ट्रष्ट) गुठीको निरीक्षण र व्यवस्थासमेत गर्ने, गराउने,

(२३) ऐनमा दिएको कुनै कामको लागि नियम बमोजिमको शर्तमा रही दफा ३७ बमोजिम कसै वा कुनै संस्थासंग कर्जा लिन सक्ने,

(२४) कुनै ठाउंमा नगर पञ्चायत वा गाउं पञ्चायत स्थापित नभएको वा कुनै कारणले स्थगित वा विघटित भएको रहेछ भने त्यस ठाउंहरूमा गर्नुपर्ने काम गर्ने गर्न लगाउने,

(२५) श्री ५ को सरकारबाट सुम्पिएको अरू कुनै कार्य गर्ने,

(२६) श्री ५ को सरकारलाई विकास कार्यको निमित्त र जिल्लामा रहेको संस्थासमेतकोबारेमा सुझावसमेत दिने,

(२७) विकास कार्यमा अभिरुचि पैदा गर्ने र मनोरञ्जनसमेतको लागि समय समयमा विकास प्रदर्शनी, किसान मेला, पञ्च सम्मेलन आदि गर्ने र नगर पञ्चायत, गाउं पञ्चायतलाई यस कामकोनिमित्त सहयोग र सहायता गर्ने ।

२४. जिल्ला पञ्चायतले समिति र उपसमिति गठन गर्नेः– (१) जिल्ला पञ्चायतले यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा विनियम बमोजिम आफूले गर्नुपर्ने वा गर्न हुने कुनै काम गर्नको निमित्त आफ्नो सदस्यहरूको समिति वा उपसमिति गठन गर्न सक्नेछ

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिम गठित समिति वा उप-समितिको सदस्य हेरफेर गर्न, झिक्न वा त्यस्तो कुनै सदस्यको स्थान रिक्त हुन आएमा सो रिक्तस्थानको पूर्ति गर्न, त्यस्तो समिति वा उप-समितिको कार्यक्रम संख्या र अख्तियार तोक्न जिल्ला पञ्चायतलाई अधिकार हुनेछ ।

२५. जिल्ला पञ्चायतले संयुक्त समिति गठन गर्नेः– जिल्ला पञ्चायतले समय समयमा अर्को एक वा एकभन्दा बढी जिल्ला पञ्चायत, नगर पञ्चायत वा गाउं पञ्चायतसंग मिली देहायको काम गर्न सक्नेछः–

(क) सम्मिलित तौरबाट कुनै कार्य गर्नको निमित्त आफ्नो सदस्यहरूको संयुक्त समिति खडा गर्ने र त्यसको अध्यक्ष तोक्ने,

(ख) त्यस्तो संयुक्त समितिमध्ये कुनै एक वा सबैले अधिकार प्रयोग गर्न गरी सुम्पने कुनै संयुक्त निर्माण कार्य गरी भविष्यमा त्यसको हेरचाह गर्न आफूमध्ये प्रत्येकलाई लागू हुने गरी शर्त तोक्न अधिकार सुम्पने, र

(ग) त्यस्तो संयुक्त समितिको काम कारवाइ नियमित गर्नको लागि विनियमहरू बनाउने र यस दफा अन्तर्गत काम कारवाइ गर्न दुई वा दुईभन्दा बढी जिल्ला पञ्चायतका बीचमा वा दुई वा दुईभन्दा बढी जिल्ला पञ्चायत अन्तर्गतको नगर पञ्चायत वा गाउं पञ्चायतका बीचमा झगडा परेमा वा कुनै कुरामा मतभेद भएमा निर्णयको लागि अञ्चल पञ्चायतमा पठाउने ।

२६. अख्तियार सुम्पनेः–(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा कुनै खास पदाधिकारी वा व्यक्तिले गर्ने भनी लेखिएकोमा बाहेक आवश्यक परेमा जिल्ला पञ्चायतको अन्य सबै वा कुनै काम कर्तव्य वा अधिकार कुनै समिति, उप-समिति, जिल्ला पञ्चायतका सभापति, उप-सभापति वा कुनै सदस्य, सचिव वा अन्य कुनै कर्मचारीले पालन र प्रयोग गर्न पाउने गरी जिल्ला पञ्चायतले सुम्पन सक्नेछ ।

(२) जिल्ला पञ्चायतले उप-दफा (१) बमोजिम आफ्नो काम कर्तव्य र अधिकार सुम्पिंदा शर्तहरू तोक्न सक्नेछ ।

(३) जिल्ला पञ्चायतले उप-दफा (१) बमोजिम दिएको अधिकार जुनसुकै बखत झिक्न सक्नेछ ।

२७. सभापतिको कर्तव्य र अधिकारः– सभापतिको कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम, विनियम बमोजिम जिल्ला-सभा र जिल्ला पञ्चायतको सभा बोलाउने, त्यस्तो सभाको संचालन गर्ने र सदस्यहरूले राख्न चाहेका प्रस्ताव वा समिति, उप-समिति वा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

विशेषज्ञ वा सचिवले दिएको वा पेश गरेको रिपोर्ट वा अन्य महत्वपूर्ण सूचना वा कागजात सभामा पेश गर्ने गर्न लाउने,

(ख) जिल्ला पञ्चायतले स्वीकृत गरेको प्रस्तावहरू कार्यान्वित गर्ने गराउने,

(ग) जिल्लासभाको चल, अचल सम्पत्ति हेरविचार गर्ने गर्न लगाउने र त्यसमा केही दोष देखेमा सुधार गर्न जिल्लासभा, जिल्ला पञ्चायत-लाई सूचना दिने,

(घ) जिल्लासभा, जिल्ला पञ्चायतको स्याहा, स्रेस्ता र अन्य कागजपत्रहरू दुरुस्त राखिए नराखिएको तथा अफिसका कार्य सञ्चालन ठीकसंग भए नभएको हेरविचार गर्ने,

(ङ) अञ्चल पञ्चायत वा श्री ५ को सरकारले मांगे बमोजिमको विवरण, सूचना वा रिपोर्ट पेश गर्ने,

(च) नगर वा गाउं पञ्चायतले गरेको मुख्य कार्यहरूको रिपोर्ट झिकाउने,

(छ) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा विनियम बमोजिम आफूलाई तोकिएको वा सुम्पिएको अन्य काम कर्तव्यको पालन र अधिकार प्रयोग गर्ने,

(ज) श्री ५ को सरकारले निर्देशन गरेको अन्य कुनै काम गर्ने ।

(२) सभापतिले आफ्नो अधिकार सचिव वा अन्य कुनै अफिसरलाई सुम्पिन सक्ने छन् ।

२८. <u>उप–सभापतिको कर्तव्य र अधिकारः–</u>उप–सभापतिको कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) सभापति बिरामी भएर वा अन्य कुनै कारणले आफ्नो काम गर्न असमर्थ भएमा निजको कर्तव्यको पालन र अधिकारको प्रयोग गर्ने,र

(ख) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा विनियम बमोजिम वा आफूलाई सुम्पिएको वा तोकिएको अन्य सबै कर्तव्यको पालन र अधिकारको प्रयोग गर्ने ।

२९. <u>सचिवः–</u> (१) सचिवले सभापतिको मातहतमा रही काम गर्नेछ ।

(२) निजलाई मद्दत गर्न श्री ५ को सरकारले एक सहायक सचिव नियुक्त गर्न सक्नेछ ।

(३) कुनै कारणले सचिवको पद रिक्त हुन आएमा वा सचिव जिल्ला पञ्चायतको काममा उपस्थित हुन नसक्ने अवस्था पर्न आएमा उपदफा (२) बमोजिम सहायक सचिवले सचिवको काम गर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३०. सचिवको कर्तव्य र अधिकारः– (१) सचिवको कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) जिल्लासभा र जिल्ला पञ्चायतको बैठक वा यस ऐन बमोजिम गठित समिति वा उप–समितिको बैठकमा पेश भएको प्रस्ताव र सो प्रस्ताव उपर भएको छलफल र निर्णयको रेकर्ड राख्ने र त्यसको प्रतिलिपि सम्बन्धित सबै सदस्यहरू छेउ पठाउने,

(ख) गाउं पञ्चायतलाई जन्म मरण र अन्य आवश्यक तथ्यांक राख्न लगाउने र सो तथ्यांकहरूको संकलन गर्ने गरी जिल्लाको तथ्यांक तैयार पार्ने,

(ग) जिल्ला पञ्चायतको निर्णय सभापतिको सामान्य रेखदेखमा रही कार्यान्वित गर्ने,

(घ) जिल्ला पञ्चायतले गर्ने विकासको काममा सल्लाह दिने,

(ङ) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा विनियम बमोजिम आफूलाई सुम्पिएको वा तोकिएको अन्य कर्तव्यको पालन र अधिकारको प्रयोग गर्ने ।

(२) सचिवले यस ऐन बमोजिमको आफ्नो कुनै कर्तव्य वा अधिकार आफ्नै रेखदेखमा पालन, प्रयोग गर्ने गरी जिल्ला पञ्चायतको अन्य कुनै कर्मचारीलाई सुम्पन सो बमोजिम सुम्पेको अधिकार वा कर्तव्य जुनसुकै बखत झिक्न सक्नेछ ।

३१. कर्मचारीहरूको नियुक्तिः– (१) प्रत्येक जिल्ला पञ्चायतमा श्री ५ को सरकार सामान्य वा विशेष रूपले स्वीकृत गरेको दरवन्दी बमोजिमको कर्मचारीहरू नियुक्त हुन सक्नेछ ।

(२) उपदफा (१) को अधीनमा रही जिल्ला पञ्चायतले आफ्नो फण्डबा व्यहोर गरी भर्ना गर्ने कर्मचारीहरूको नियुक्ति, बढुवा, बर्खासी तथा सेवाको अन्य शर्तह तोकिए बमोजिम गर्न सक्नेछ ।

(३) श्री ५ को सरकारले तोकेको, जिल्लास्तरका अरू सरकारी कर्मचारीह पनि जिल्ला पञ्चायतको मातहतमा रही काम गर्नेछन् र त्यस्ता कर्मचारीहरूल निजामती सेवा नियमावली अनुसार सजाय गर्न जिल्ला पञ्चायत वा जिल्लासभा श्री ५ को सरकारलाई सिफारिश गर्न सक्ने छ ।

३२. सदस्यहरूलाई भत्ता आदि दिनेः– सभापति, उप–सभापति वा कुनै सदस्य जिल्लासभ जिल्ला पञ्चायत र त्यसको समितिहरूको बैठकमा हाजिर भएमा वा आफ्नो पदमा र काम गरे बापत जिल्लासभाको कोषबाट तोकिए बमोजिम भत्ता दिन सकिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## जिल्लासभाको कोष र सम्पत्ति

३३. **जिल्लासभाको कोषः–** (१) हरेक जिल्लासभाको आफ्नो एउटा कोष रहनेछ, जसलाई जिल्लासभाको कोष भनिनेछ ।

(२) जिल्लासभाको कोषमा देहायका रकमहरूको आम्दानी बाँधिनेछः–

(क) जिल्लासभाले श्री ५ को सरकार र अञ्चल पञ्चायतबाट पाएको सबै जिन्सी नगदी,

(ख) यो ऐन बमोजिम जिल्लासभाले उठाएको कर, दस्तूर, फीस, महसूल वा अरू कुनै रकम,

(ग) जिल्लासभालाई श्री ५ को सरकार वा कुनै व्यक्ति वा संस्थाबाट प्राप्त भएको दान, उपहार , चन्दा वा सहायता,

(घ) श्री ५ को सरकारबाट निर्धारित भएको मालपोत तथा अन्य करमध्येको रकम,

(ङ) जिल्लासभाको चल, अचल सम्पत्तिबाट उठेको आम्दानी,

(च) जिल्लासभाद्वारा सञ्चालन गरिएको गुठीको आम्दानी,

(छ) श्री ५ को सरकारद्वारा जिल्लासभालाई विकासको निमित्त हस्तान्तरित गरिएको सबै चल, अचल सम्पत्ति,

(ज) यो ऐन बमोजिम दण्ड जरिवानाबाट उठेको रकम,

(झ) जिल्लासभाले सापट कर्जा लिएको रकम,

(ञ) जिल्लासभाद्वारा दिइएको ठेक्काबाट प्राप्त भएको रकम,

(ट) जिल्लासभाको पुरानो मालसामान लिलाम बिक्री गरी उठेको रकम,

(ठ) प्रचलित नेपाल कानून बमोजिम जिल्लासभाले उठाएको वा प्राप्त गरेको अरू कुनै रकम ।

(३) जिल्लासभाको कोष सचिवको जिम्मा रहनेछ र निजले यस ऐन अन्तर्गत बनेका नियम, विनियमको अधीनमा रही खर्च गर्नेछन् ।

३४. **जिल्लासभाको सम्पत्तिः–** जिल्लासभाको इलाकाभित्रको निम्नलिखित सम्पत्ति जिल्लासभाको सम्पत्ति हुनेछ र जिल्लासभाले सो सम्पत्तिको रेखदेख र प्रबन्ध गर्नेछः–

(क) जिल्लासभाको कोषबाट बनेको वा खरीद भएको वा थुपारिएको वा जिल्लासभालाई श्री ५ को सरकार वा कुनै व्यक्ति वा संस्थाले हक छाडि दिएको सबै सम्पत्ति,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) कुनै व्यक्ति विशेषको हक अधिकार नभएको र श्री ५ को सरकारको नियन्त्रणमा नरहेको घर, जमीन वा सार्वजनिक ढल, नाल, पुल, पोखरी, देवस्थल वा त्यस्तो अरू कुनै स्थान, पाटी, पौवा, धारा, इनार, सडक र सडकका दायां बायांका रूखहरू ।

३५. जिल्लासभाले लगाउन पाउने कर, दस्तूर, फी इत्यादिः– (१) जिल्लासभाले आफ्नो इलाकाभित्रको बाटो, पुल, ट्यूबवेल, पोखरी, घाट, कृषि वा उद्योग प्रदर्शनी, पशु चिकित्सालय चलन चल्ती गर्ने उपर तोकिए बमोजिम दस्तूर लगाउन सक्नेछ ।

(२) जिल्लासभाले आफूले गरेको कुनै विशेष कामको निमित्त फायदा हुने क्षेत्रभित्रबाट विशेष कर उठाउन सक्नेछ ।

(३) जिल्लासभाले आफ्नो क्षेत्रभित्रको नगर पञ्चायत र गाउं पञ्चायतको आम्दानीबाट बढीमा १० प्रतिशतसम्म हिस्सा लिन सक्नेछ ।

(४) जिल्लासभाले आफ्नो जिल्ला अन्तर्गत पर्ने शहरी क्षेत्रभन्दा बाहिरका घरहरूमा कर लगाउन सक्नेछ ।

(५) जिल्लासभाले नगर पञ्चायतको क्षेत्र बाहेक आफ्नो क्षेत्रभित्र पर्ने अरू ठाउंहरूमा सवारी उपर दस्तूर वा कर लगाउन सक्नेछ ।

(६) जिल्ला पञ्चायतले आफ्नो वा आफ्नो जिम्मा रहेको पुस्तकालय, धर्मशाला, पाटी, पौवा, डांक, बंगला उपयोग गर्नेबाट तोकिए बमोजिम फी वा भाडा लगाउन सक्नेछ ।

३६. हिसाब किताब राख्ने र जांच गर्नेः– (१) जिल्ला पञ्चायतले आफ्नो आम्दानी खर्चको हिसाब किताब तोकिए बमोजिम दुरुस्त राखन लगाउन पर्छ ।

(२) जिल्ला पञ्चायतको हिसाब किताब श्री ५ को सरकारबाट खटाएको व्यक्तिले तोकिए बमोजिम प्रत्येक वर्ष जांच गर्नेछ ।

३७. कर्जा, सापट लिने ठेक्का लिने, दिने अधिकारः– (१) जिल्लासभाले आफ्नो सम्पत्तिलाई धितो राखी वा नराखी सापटी, कर्जा लिन सक्छ ।

तर जिल्लासभाले आफ्नो वार्षिक आम्दानीको ५०।– प्रतिशतभन्दा बढीको कर्जा लिनपरेमा वा त्यत्ति मोल पर्ने कुनै सम्पत्ति धितो राख्नुपरेमा श्री ५ को सरकारको स्वीकृति लिनुपर्छ ।

(२) जिल्लासभाले आफ्नो कोषको रुपैयांमध्ये ५० प्रतिशतसम्म लगानी गर्न सक्नेछ र ५० प्रतिशतभन्दा बढ्ता लगानी गर्नपरेमा श्री ५ को सरकारको स्वीकृति लिनुपर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) जिल्ला पञ्चायतले आफ्नो इलाका बाहिर आफ्नो आम्दानीको ५० प्रतिशतसम्मको अचल सम्पत्ति खरीद गर्न वा केही कुरा बनाउन वा ठेक्का लिन दिन सक्नेछ ।

तर सो अंकभन्दा बढी भएमा श्री ५ को सरकार वा श्री ५ को सरकारबाट अधिकार प्राप्त पदाधिकारीको स्वीकृति लिनुपर्छ ।

३८. बजेटः– (१) जिल्ला पञ्चायतले प्रत्येक आफ्नो आर्थिक वर्षका सम्बन्धमा आय र व्ययको विवरण तोकिए बमोजिम जिल्लासभाको स्वीकृतिको निमित्त पेश गर्नुपर्दछ, र स्वीकृत भएको विवरण अनुसार तोकिए बमोजिम खर्च गर्नुपर्दछ ।

(२) प्रत्येक आर्थिक वर्ष समाप्त हुनुभन्दा अगावै जिल्ला पञ्चायतले आवश्यकतानुसार आय र व्ययको पूरक विवरण पनि जिल्लासभाको स्वीकृति निमित्त पेश गर्न सक्नेछ ।

(३) प्रत्येक जिल्ला पञ्चायतले आफ्नो जिल्लासभाद्वारा स्वीकृत आय र व्ययको (बजेट)को एकप्रति श्री ५ को सरकारको समक्ष पठाउनपर्छ र श्री ५ को सरकारले चाहेमा बजेटका सम्बन्धमा आवश्यक निर्देशन दिन सक्नेछ । र यस प्रकार दिएको निर्देशनलाई जिल्ला पञ्चायत र जिल्लासभाले पालन गर्नुपर्छ ।

## परिच्छेद-- ८

### श्री ५ को सरकारको विशेष अधिकार

३९. निरीक्षण गर्ने तथा निर्देशन दिने अधिकारः– श्री ५ को सरकारले देहाय बमोजिम गर्न गराउन सक्नेछः–

(क) जिल्ला पञ्चायत, समिति, उप–समिति वा जिल्ला पञ्चायतहरूको संयुक्त समितिको भोग चलनमा रहेको चल, अचल सम्पत्तिको जांच निरीक्षण वा तिनको अह्नौट बमोजिम भइरहेको कुनै कामको निरीक्षण गर्न लगाउने वा जांच गर्ने गराउन,

(ख) जिल्ला पञ्चायत, समिति, उप–समिति वा जिल्ला पञ्चायतहरूको संयुक्त समितिको नियन्त्रणमा रहेको काम कारवाइबारेको रिपोर्ट बयान र अरू कागजपत्र झिकाउने,

(ग) जिल्ला पञ्चायत, समिति, उप–समिति वा जिल्ला पञ्चायतहरूको संयुक्त समितिको कुनै काम कारवाइ बेरीतको देखएमा ऐन, नियम बमोजिम गर्न लगाउने,

(घ) जिल्लासभा, जिल्ला पञ्चायत, समिति, उप–समिति र जिल्ला पञ्चायतहरूको संयुक्त समितिको कामले सर्वसाधारण जनताको हानि नोक्सानी हुने वा कसैको ज्यू, ज्यानको खतरा हुने वा केही हूल दंगा

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

हुनजाने संभावना देखिएमा अथवा सार्वजनिक हितको अरू कुनै दृष्टिकोणबाट त्यस्तो काम नगन वा रोक्का गर्न आदेश दिने,

(ङ) कुनै संकटकालीन अवस्थामा यो ऐन बमोजिम जिल्ला पञ्चायतले गर्न पाउने काम सर्वसाधारणको स्वास्थ्यसुधार वा सुरक्षाको निमित्त अथवा सार्वजनिक हितको अरू कुनै दृष्टिकोणबाट तुरुन्तै गराउन आवश्यक छ भन्ने लागेमा मनासिब माफिकको म्याद तोकी सो म्यादभित्र काम गर्न जिल्ला पञ्चायतलाई आदेश दिने सो म्यादभित्र जिल्ला पञ्चायतले नगरेमा सो काम अरू कुनै व्यक्तिबाट गराउने र सो काम गर्ने व्यक्तिको निमित्त उचित मेहनतानासहित काममा लागेको खर्च जिल्लासभाको कोषबाट भराउने,

तर त्यसरी अरू कुनै व्यक्तिबाट काम गराउनभन्दा अघि माथि लेखिए बमोजिम तोकिएको म्यादभित्र काम नगरेको कारण श्री ५ को सरकार छेउ पेश गर्ने मौका जिल्ला पञ्चायतलाई दिने.

(च) संकटकालीन स्थितिमा सर्वसाधारण जनताको सुरक्षा निहित भएको काम कारवाइको सम्बन्धमा जिल्ला पञ्चायतले गर्नुपर्ने काम नगरेमा र जिल्ला पञ्चायत भंग भएको अवस्थामा श्री ५ को सरकारले आफूले मनासिब सम्झे बमोजिम आवश्यक काम गराउन सक्ने र सो काममा लागेको खर्च जिल्लासभाको कोषबाट ब्यहोरिने ।

४०. जिल्ला पञ्चायत स्थगित वा भंग गर्ने अधिकारः– (१) कुनै जिल्ला पञ्चायतले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा विनियम बमोजिम गर्नुपर्ने काम कर्तव्यको पालन बराबर नगरेमा वा सो बमोजिमको अधिकार दुरुपयोग गरेमा श्री ५ को सरकारले सो जिल्ला पञ्चायतलाई केही समयको लागि स्थगित गर्न वा भङ्ग गरी नयां चुनाव गर्न सक्नेछ ।

(२) जिल्ला पञ्चायत स्थगित भएमा वा भङ्ग भै नयां जिल्ला पञ्चायत गठन नभएसम्मका लागि जिल्ला पञ्चायतको सबै वा कुनै अधिकार श्री ५ को सरकारले कुनै व्यक्ति वा समितिबाट गर्ने गरी सुम्पन सक्नेछ । सो व्यक्ति वा समितिले गरेको काम जिल्ला पञ्चायतले गरेको सरह मानिनेछ ।

## परिच्छेद —९

### दण्ड सजाय

४१. यो ऐन वा यस ऐन अन्तर्गतको नियम विनियम वा आदेश बर्खिलाप काम गरेमा हुने दण्ड सजायः– कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा विनियम वा आदेश बर्खिलाप

गरी कुनै काम कारबाइ गरेमा जिल्ला पञ्चायतले ने.रू. १। देखि ५०।– रुपैयांसम्म जरिवाना गर्नेछ र अटेर गरी सोही अपराध फेरि गरेमा पटकै पिच्छे अघि भएको जरिवानामा थप १ देखि ५ रुपैयांसम्म जरिवाना हुनेछ ।

४२. जिल्ला पञ्चायतको सम्पत्ति हटाएमा, हेरफेर, हिनामिना गरेमा वा नोक्सान गरेमा हुने दण्ड सजाय:– कसैले जानी जानी वा लापरवाहीले जिल्ला पञ्चायतको आफ्नो वा आफ्नो जिम्मामा रहेको चल, अचल सम्पत्तिलाई कानूनले अनुमति दिन पाउने व्यक्तिको इजाजत नलिई, हटाएमा वा हेरफेर वा हिनामिना गरेमा वा नोक्सान गरेमा वा गर्न लगाएमा जिल्ला पञ्चायतले भएको हानि नोक्सानीसमेत सो व्यक्तिबाट उपर गरी लिन वा उसैलाई साबिक बमोजिम तयार गर्न लगाउन सक्नेछ र एकदेखि पचास रुपैयांसम्म जरिवानासमेत गर्न सक्नेछ ।

४३. जिल्ला पञ्चायतको सम्पत्ति नोक्सान वा दुरुपयोग गरेमा सदस्य र कर्मचारीहरूको जवाफदेही:– जिल्ला पञ्चायत वा संयुक्त समितिका कुनै सदस्य वा कर्मचारीले आफ्नो जिल्लामा रहेको सम्पत्ति निजको लापरवाही वा अवचारले नोक्साल वा दुरुपयोग भएमा जसले नोक्सानी वा दुरुपयोग गरेको छ, उसैले नै जवाफदेही हुनुपर्छ । नोक्सानी उपर गर्न नसकेमा जिल्ला पञ्चायतले सो नोक्सानी वा प्रयोगको हर्जाना असूल उपर गर्नकोलागि स्थानीय माल अड्डालाई लेखी पठाउनेछ ।

४४. दण्ड जरिवाना असूल उपर गर्न नसकेमा गर्ने:– यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम वा विनियम वा आदेश बमोजिमको दण्ड, जरिवाना जिल्ला पञ्चायतले कुनै व्यक्तिबाट असूल उपर गर्न नसकेमा स्थानीय माल अड्डामा पेश गरी स्थानीय माल अड्डाले पनि सरकारी बांकी सरह असूल उपर गरी जिल्ला पञ्चायतलाई बुझाइदिनुपर्नेछ ।

## परिच्छेद—१०

## विविध

४५. जिल्लासभा वा जिल्ला पञ्चायतको निर्णय:– (१) जिल्लासभा वा जिल्ला पञ्चायतको निर्णय यस ऐनमा अन्यथा लेखिएकोमा बाहेक उपस्थित सदस्यहरूको बहुमतबाट गरिनेछ ।

(२) सभापतित्व गर्ने व्यक्तिलाई सामान्यतः मत दिने अधिकार हुनछैन तर मत बराबर बांडिएमा निजले आफ्नो निर्णायक मत दिन सक्नेछ ।

४६. अधिकार सुम्पन सक्ने:– श्री ५ को सरकारले यो ऐन बमोजिम प्राप्त सबै वा केही अधिकार नेपाल गजेटमा प्रकाशित आदेशद्वारा सोही आदेशमा तोकिएको अधिकारीले तोकिएको शर्त बन्देजको अधीनमा रही प्रयोग गर्न पाउने गरी सुम्पन सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४७. जिल्लासभामा अरू कुनै पञ्चायत वा त्यसको कुनै हिस्सा गाभिंदाको परिणामः– कुनै जिल्लासभामा कुनै गाउं पञ्चायत वा नगर पञ्चायत वा त्यस्तो पञ्चायतको कुनै हिस्सा गाभिन आएमा देहाय बमोजिम हुनेछः–

(क) कुनै पञ्चायतको पूरै इलाका गाभिन आएकोमा सो पञ्चायतको सबै ऋण, धन, अधिकार, दायित्व, जाय, ज्यथा र कागजपत्र गैह्र जुन जिल्लासभामा गाभिएको हो सो जिल्लासभामा सर्नेछ ।

(ख) खण्ड (क) बमोजिम नभै कुनै हिस्सा मात्र गाभिएकोमा दामासाहीले हुनेछ ।

४८. पुलिसले सहयोग गर्नुपर्नेः– यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा विनियम बमोजिम जिल्लासभा, जिल्ला पञ्चायत वा अरू कुनै अधिकारीले दिएको कुनै आदेश वा गरेको निर्णयको बखिलाप कुनै काम कुरा हुनलागेको थाहा भएमा त्यस्ता काम कुरा गर्ने व्यक्ति उपर कारवाइ चलाउन जिल्ला पञ्चायतसंग सम्पर्क राखी आवश्यक सहयोग गर्नु प्रत्येक पुलिस कर्मचारीको कर्तव्य हुनेछ ।

४९. श्री ५ को सरकारले जिल्लासभाका सदस्यहरू मनोनीत गर्नेः– (१) माथि लेखिएका दफाहरूमा जेसुकै लेखिएको भए तापनि बीसभन्दा कम गाउं पञ्चायत भएका जिल्लाहरूका सम्बन्धमा जिल्लासभाका सदस्यहरूको संख्या बीस नपुगेमा श्री ५ को सरकारले मनोनीत गरी त्यत्ति संख्या पुन्याइदिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम मनोनीत सदस्यहरू जिल्ला पञ्चायत का सदस्य छानिएमा निजहरूका पदावधि, कर्तव्य र अधिकार निर्वाचित सदस्यहरू सरह हुनेछ ।

तर श्री ५ को सरकारले चाहेमा त्यस्तो सदस्यको पदावधि समाप्त हुनु अगावै निजलाई हटाई सो ठाउंमा अर्को सदस्य मनोनीत गर्न सक्नेछ ।

(३) मनोनीत गरिएका जिल्लासभाका सदस्यहरू श्री ५ को सरकारको इच्छा अनुसार बहाल रहनेछन् । निजहरूको कर्तव्य र अधिकार निर्वाचित सदस्य सरह हुनेछ ।

५०. नियम बनाउने श्री ५ को सरकारको अधिकारः– यो ऐनको उद्देश्य कार्यान्वित गर्न श्री ५ को सरकारले नियम बनाउन सक्नेछ ।

५१. विनियम बनाउने जिल्ला पञ्चायतको अधिकारः– यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही जिल्ला पञ्चायतले विनियम बनाउन सक्नेछ, र सो विनियम श्री ५ को सरकारबाट स्वीकृति भएपछि लागू हुनेछ ।

५२. बाधा अडकाउ हटाउने अधिकारः– यो ऐनको उद्देश्य कार्यान्वित गर्न कुनै बाधा अड्काउ परेमा श्री ५ को सरकारले सो बाधा अडकाउ हटाउनको लागि नेपाल गजेटमा सूचना

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रकाशित गरी चाहिंदो आदेश निकाल्न सक्नेछ र त्यस्तो आदेश यस ऐनमा परे सरह मानिनेछ ।

५३. यो ऐन बमोजिम हुने:- यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, विनियममा लेखिएको कुरामा सोही बमोजिम र अरूमा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

५४. बचाउ:- नेपाल अधिराज्यको संविधानको धारा ५५ को उपधारा (४) बमोजिम यो ऐन निष्क्रिय भएमा यो ऐन अन्तर्गत भए गरेको काम कुरामा नेपाल कानून व्याख्या संबन्धी ऐन, २०१० को दफा ४ लागू हुनेछ ।

इति सम्वत् २०१६ साल गते रोज शुभम्

लालमोहर सदर मिति २०१६।८।१४।५ मा

आज्ञाले–
विनोदप्रसाद धिताल
श्री ५ को सरकारको सह–सचिव,
कानून तथा न्याय मन्त्रालय ।

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

260